



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)



» आइतबार, असार ३, २०७५ » Sunday, June 17, 2018 » www.newsofnepal.com » नेसं ११३८ तछलाथ्व ४ » वर्ष २४, अंक १५८ » पृष्ठ १२ » मूल्य रू १०/–



३ { रु

७ { धर्म परिवर्तन गराउँदै हिँड्ने कर्मचारी पक्राउ

९ { काठमाडौं महानगरको नीति तथा कार्यक्रम सार्वजनिक

१० { नेपाललाई थप अन्तर्राष्ट्रिय हवाई रुट प्राप्त





# ३२ जिशिकाद्वारा मनपरी बजेट निकासा

ईश्वरराज ढकाल, काठमाडौं

तत्कालीन जिल्ला शिक्षा कार्यालय काठमाडौंलगायत ३२ जिल्ला शिक्षा कार्यालयले मनपरी बजेट निकासा गरेको पाइएको छ।

महालेखा परीक्षकको कार्यालयको ५५औं वार्षिक प्रतिवेदनमा ती जिल्ला शिक्षा कार्यालयले तलबभत्तामा पाउनेभन्दा २ करोड ५५ लाख ५१ हजार रुपियाँ बढी निकासा गरेको पाइएको छ। काठमाडौं, बारासमेत ३१ जिल्ला शिक्षा कार्यालयले सेवानिवृत्त र बिदा बसेका शिक्षकका लागि तलबभत्ताबापत १ करोड ८६ लाख ८५ हजार निकासा दिएको देखिएको छ। पर्सा र बैतडीलगायत ८ जिल्ला शिक्षा कार्यालयले निःशुल्क पाठ्यपुस्तकतर्फ जनक शिक्षा सामग्री केन्द्रको दर तथा भर्ना विद्यार्थी संख्याभन्दा ६८ लाख ५८ हजार बढी निकासा दिएका छन्।

**जिल्ला शिक्षा कार्यालयले तलबभत्तामा पाउनेभन्दा २ करोड ५५ लाख ५१ हजार रुपियाँ बढी निकासा गरेको पाइएको छ।**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा कक्षा ११ र १२ मा अध्ययनरत ती जिल्ला शिक्षा कार्यालयले पाठ्यपुस्तक, सेवानिवृत्त भएका शिक्षकलाई बढी निकासा दिएका छन्।

जिल्ला शिक्षा कार्यालय ताप्लेजुङले लक्षित समूहका विद्यार्थीका लागि पाठ्यपुस्तक व्यवस्थापन गर्न प्रतिविद्यालय ५० हजारका दरले निकासा दिनुपर्नेमा ५ माध्यमिक विद्यालयलाई ११ लाख बढी निकासा दिएको भेटिएको छ। शिक्षा विभागबाट निकासा भएको रकम हचुवामा बाँडेर आर्थिक अनियमितता गरेको देखिन्छ।


(क्रमशः पृष्ठ ९ मा)


## नेकपाको बैठकमा सरकारको प्रशंसा

काठमाडौं, (नेस)

नेपाल कम्युनिस्ट पार्टीले सरकारको कामले जनस्तरमा राम्रो प्रभाव परेको निष्कर्ष निकालेको छ। पार्टी एकता प्रक्रियाले जनस्तरमा सकारात्मक प्रभाव पर्नुका साथै सरकारको कामले जनस्तरमा नयाँ आशा जगाएको निष्कर्ष निकालेको हो।

पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारी निवास बालुवाटारमा शनिबार बसेको पहिलो स्थायी कमिटीको बैठकले सरकारको कामलाई थप प्रभावकारीरूपमा अगाडि बढाउने पनि निर्णय गरेको छ।

बैठकलाई सम्बोधन गर्दै अध्यक्षद्वय ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी एकताबद्ध भएपछि कार्यकर्ता र जनसमुदायमा पैदा भएको उत्साहलाई आत्मसात गर्दै पार्टी निर्माणमा जुट्न सक्रियतापूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो। पार्टी एकतालाई अझ सुदृढ र फलदायी बनाउन दुवै अध्यक्षले पार्टी पंक्तिलाई आह्वान र निर्देशन गर्नुभएको पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले बताउनुभयो।


(क्रमशः पृष्ठ ९ मा)


# दोहोरिन सक्छ हिलाम्ये वर्षा

टीका बन्धन, काठमाडौं

शुक्रबार साँझपछिको वर्षा अन्य दिनको भन्दा फरक रह्यो, घर र आसपासका बोट-बिरुवा हिलाम्ये भएका छन् भने अन्य सामग्रीमा समेत हिलो, धूलो र मैलो लागेको छ।

हिलो र धमिलो वर्षा भएपछि यस्तो कसरी भयो, कहाँ के भयो भन्नेमा धेरैलाई खुलदुली जागेको छ। वर्षाले वायुमण्डलमा रहेको प्रदूषण र धूँवा-धूलो झारेपछि यस्तो असर देखिएको मौसमविद्हरू बताउँछन्। भारतको राजस्थान आसपासको मरुभूमिमा केही दिनदेखि चलेको हुरीले नेपालको वायुमण्डलमा भित्र्याएको धूलोको कणलाई वर्षाले पखाल्दा यस्तो प्रभाव देखिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

जमिनको सतहबाट २ किलोमिटर उचाइ आसपासको वायुमण्डलमा कुहिरोझैं फैलिएको धूलोको कणलाई वर्षाले पखालेको हो। राजस्थान आसपासबाट धूलो मिश्रित प्रदूषित बादल नेपाल भित्रिँदा फरक प्रकृतिको वर्षा भए पनि जनस्वास्थ्यलाई ठूलो असर भने नपुग्याउने विभागका महानिर्देशक डा. ऋषिराम शर्माले बताउनुभयो। 'वायुमण्डलमा गाडी र औद्योगिक कलकारखानाबाट निस्किने प्रदूषणको मात्रा उच्च भएका बेला वर्षा भयो भने त्यसले स्वास्थ्य र बोट-बिरुवालाई असर पुर्‍याउन सक्छ, क्यान्सरसमेत हुन सक्छ, तर अहिलेको वर्षा त्यस्तो विषाक्त भने होइन।' -उहाँले भन्नुभयो।

हिलो मिश्रित धमिलो वर्षाको प्रभाव मुलुकको कुन भेगमा कस्तो रह्यो भन्नेबारेमा विभाग अनविज्ञ छ। विभाग मातहतका वर्षा मापन स्टेसनले पानीको मात्रा मात्रै मापन गर्ने भएकाले त्यस्तो सूचना अद्यावधिक कठिनाइ भएको जल तथा मौसम पूर्वानुमान महाशाखाका अधिकारी बताउँछन्। उच्च पहाडी र हिमाली भेगबाहेक अन्यत्र हिलाम्ये वर्षाको प्रभाव परेको प्रारम्भिक मौखिक खबर प्राप्त भएको महाशाखाका मौसमविद् समीर श्रेष्ठले बताउनुभयो।

हिलाम्ये वर्षाको प्रभाव नेपालमा मात्रै होइन, पाकिस्तानका अधिकांश भेग र बंगलादेशमा पनि परेको छ। भारतको गुजरात, राजस्थान, दिल्ली, पन्जाब, हरियाणामा प्रत्यक्ष देखिएको छ भने भारतकै उत्तर प्रदेश, उत्तराखण्ड र हिमाञ्चलमा समेत असर परेको बताइएको छ। राजस्थान आसपासको मरुभूमिमा अझै पनि हुरी चलिरहेको र धूलो मिश्रित वायु पूर्व सर्ने क्रम जारी रहेकाले हिलाम्ये वर्षाको प्रभाव दोहोरिन सक्ने मौसमविद् श्रेष्ठले बताउनुभयो। 'पश्चिमी वायु सक्रिय छ, त्यसैले अझै ७२ घण्टासम्म राजस्थानको धूलोको प्रभाव दोहोरिन सक्छ।' -उहाँले भन्नुभयो।


(क्रमशः पृष्ठ ९ मा)



GOENKA GOLD
Fe 500
TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates

(लागु मितिः २०७५ जेष्ठ १३/May 27, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रू. / कि.ग्रा* |
|---|---|
| १०/१२/१६/२० | ८२.०० |
| ८/२५/२८/३२ | ८५.०० |
| कारी ४.७५/७ | ८४.०० |

*अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ।

उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ।

GOENKA GOLD TMT

JAS-ANZ ICS AN ISO 9001:2015 Certified Company

"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"

गोयनका स्टील्स् प्रा. लि.
काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१


# संयुक्त बैठक आज

काठमाडौं, (नेस)

संघीय संसद्‌को संयुक्त बैठक आज आइतबार ४ बजे बस्दै छ। बिहीबार बसेको मन्त्रिपरिषद्‌को बैठकले राष्ट्रपतिलाई संयुक्त बैठक आह्वानका लागि सिफारिस गरेको थियो।

संघीय संसद्‌को संयुक्त बैठकले संघीय संसद्‌को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली-२०७५ पारित गर्नेछ। संयुक्त बैठक सञ्चालन कार्यविधि, साझा समिति र कतिपय निर्णय तथा अनुमोदन गर्ने प्रक्रिया संघीय संसद्‌को कार्यक्षेत्रभित्र पर्दछन्। गत सोमबार बस्ने भनिएको उक्त बैठक विशेष कारण देखाई अन्तिम समयमा स्थगित गरिएको थियो।

विधि र प्रक्रियाका बारेमा प्रश्न उठ्ला कि भनेर सोमबारको बैठक स्थगित गरिएको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) की सचेतक शान्ता चौधरीले बताउनुभएको थियो। संघीय संसद् सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराईले गत आइतबार सूचना जारी गरी संयुक्त बैठक बोलाउनुभएको थियो।

आज नै दुवै सदनको अलग-अलग बैठक बिहान ११ बजे बोलाइएको छ। प्रतिनिधिसभामा विनियोजन विधेयक-२०७५ को विभिन्न शीर्षकमाथि छलफल भइरहेको छ।


(क्रमशः पृष्ठ ९ मा)


